*बैठक संख्या ४४*

*मिति २०७५/१०/२०*

आज मिति २०७५ साल माघ २० गते आइतबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १९ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २१ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भुर्तेल | सचिव | |
| २२ | खरिदार | श्री सौजन कटुवाल | आमन्त्रित | |
| २३ | नगरप्रमुख स्वकीय सचिव | श्री गजेन्द्र खनाल | ,, | |

बैठक संख्या ४४ | मिति २०७५/१०/२०

*मिति २०७५/१०/२० गते बसेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु :*

१.यस नगरपालिका क्षेत्र भित्रका नदिहरुबाट नदिजन्य सामाग्री उत्खननका विषयमा भईरहेको विवाद एवं त्यसबाट उत्पन्न भएका घटना परिघटनाका सम्बन्धमा सो विषयसँग सरोकार राख्ने सरोकारवाला पक्षहरुसँग छलफल तथा वार्ता गरी निकास निकाल्नका लागि नगरपालिकाको तर्फबाट देहाय बमोजिमको एक समिति गठन गर्ने :

| | |
|---|---|
| नगर प्रमुख हरिकुमार राना | संयोजक |
| नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य | सदस्य |
| वडा अध्यक्ष श्री जीवकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष श्री लोकनाथ गौतम | सदस्य |
| वडा अध्यक्ष श्री नवराम ढुङ्गाना | सदस्य |

उपरोक्त समितिमा प्रदेश सरकार,जिल्ला समन्वय समिति झापा र बुद्धशान्ती गाउँपालिकालाई समेत अनुरोध गरी प्रतिनिधि माग गर्ने ।साथै, ठेकेदार पक्ष र क्रसर व्यवसायीबाट समेत प्रतिनिधि माग गर्ने।

साथै,नेपाल कम्युनिष्ट पार्टि र नेपाल कांग्रेसको नगर समितिबाट २/२ जना र राष्ट्रिय प्रजातन्त्र पार्टि ,संघीय समाजवादी फोरम र राष्ट्रिय जनमुक्ति पार्टिबाट १/१ जना प्रतिनिधि माग गर्ने ।

सरोकारवालाको तर्फबाट वार्ता तथा छलफल गर्नका लागि सबै पक्षको प्रतिनिधित्व हुने गरी ५ जना प्रतिनिधि माग गरी आगामी २०७५/१०/२२ गते विहान ८ बजे छलफल गर्ने ।

२.यस नगरपालिकाका विभिन्न भागहरुमा विभिन्न पक्षहरुबाट भई रहेको अवरोध प्रति यस नगरकार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।सम्बद्ध पक्षहरुको माग उपर छलफल गर्न यसै बैठकले निर्णय नं १ अनुसार समिति समेत गठन गरिसकेको अवस्थामा आफ्ना अवरोधहरु २४ घण्टा भित्र हटाउन सम्बद्ध पक्षलाई अनुरोध गर्ने ।साथै,नगरपालिकाको अनुरोधलाई बेवास्ता गर्दै अवरोध कायम राखेमा त्यस उपर कानूनी उपचार खोज्नका लागि जिल्ला प्रशासन कार्यालय समक्ष अनुरोध गर्ने ।

२०।१०।२०७५